
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । 100% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क २१५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० साउन ३२ गते बिहीबार ❑ 17 Aug. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## नागरिकको सुरक्षा पहिलो प्राथमिकता : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ साउन

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नागरिकको सुरक्षासरकारकोपहिलोप्राथमिकता भएको बताउनुभएको छ ।

गण्डकी प्रदेशसभाको शून्य समयमा बुधबार उहाँले प्रदेशसभा सदस्यले समसामयिक विषयमा उठाउनुभएका प्रश्नको जवाफ दिँदै अविरल वर्षासँगै आएको बाढी पीडितको उद्धार र अवरुद्ध सडक सञ्चालनमा सरकारका सबै निकाय परिचालन गरिएको जानकारी दिनुभयो । मुस्ताङको कागखोलामा आएको लेदोसहितको बाढीले बारागुङमुक्ति क्षेत्र गाउँपालिका-४ कागवेनीमा २१ घर, चार गोठ, वडा कार्यालय, प्रहरीचौकी, समाज घर, आमासमूह र युथ क्लबको भवन, धर्मशाला, एक पक्कीपुललगायत विभिन्न ३६ वटा पक्की संरचनामा क्षति पुगेको सभासमक्ष अवगत गराउनुभयो ।

"बाढीले पुरेको कागवेनी क्षेत्रमा दुई वटा एस्काभेटर परिचालन गरी लेदो हटाउने काम भइसकेको छ", प्रदेश विपद् व्यवस्थापन कार्यसमितिको अध्यक्षसमेत रहनुभएका मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "त्यस क्षेत्रमा आवश्यक त्रिपाल, व्याङ्केट, टेन्टसहित आवश्यक औषधि, खाद्यान्नलगायत बन्दोबस्तीका सामग्री उपलब्ध गराइएको छ ।" बाढी प्रभावित क्षेत्रमा खानेपानीको व्यवस्था भइसकेको बताउँदै उहाँले २८ वटा विजुली खम्बा बगाएको र भोलि साँझसम्म पुनःस्थापना गरी सञ्चालन गरिने विश्वास व्यक्त गर्नुभयो । बाढीग्रस्त क्षेत्रमा नेपाली सेना, सशस्त्र प्रहरी, जनपथ प्रहरी, जनप्रतिनिधि, स्थानीय विभिन्न सङ्घसंस्थाको सक्रियतामा उद्धार कार्यमा जुटेका कारण मानवीय क्षतिबाट जोगिन सफल भएको बताउँदै उहाँले प्रभावित क्षेत्रमा प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापना समिति, नेपाल रेडक्रस सोसाइटीले आवश्यकताअनुसारको राहत वितरण गर्दै आएको बताउनुभयो । कालीगण्डकीनदीबस्तीभन्दामाथि आएका कारण भविष्यमा हुने सम्भावित क्षति न्यूनीकरणका लागि भूगर्भविद्, जनप्रतिनिधि, प्राविधिकसहितको टोलीले सम्भाव्यता अध्ययन गरी समाधान खोजिने तयारी भइरहेको उहाँको भनाइ छ । मुख्यमन्त्री पाण्डेले नारायणी नदीमा आएको बाढी नवलपुर जिल्लाको त्रिवेणीस्थित बोटेबस्तीमा पस्दा एक सय घरमा क्षति पुग्दा तीन सय ५० जना प्रभावित भएको बताउँदै उहाँले यसको दीर्घकालीन समाधानका लागि सङ्घ सरकारसँग सहयोगका लागि सिफारिस गरिएको प्रदेशसभामा स्पष्ट पार्नुभयो ।

## गण्डकी प्रदेशमा ५ सय जनामा डेंगु संक्रमण, एकको मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ साउन



गण्डकी प्रदेशमा डेंगु संक्रमण, आँखा पाक्ने रोग र साँपु रोगको संक्रमण हाल देखा परेकोले यस प्रति सजग रहन गण्डकी प्रदेशको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयले आग्रह गरेको छ ।

प्रदेशमा यस बर्ष डेंगु संक्रमणबाट एक जनाको ज्यान गएको छ भने अन्य रोगको संक्रमण बढे पनि नियन्त्रणमै रहेको मन्त्रालयले दाबी गरेको छ ।

गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री शुसिला सिंखडाले बुधबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा बोल्दै प्रदेश सरकारले स्वास्थ्य क्षेत्रलाई प्रथामिकता साथ विभिन्न कार्यक्रम अघि सारेको बताइन्। डाइलायसिस गर्ने बरामीहरुलाई उक्त सेवाको पहुच पुराउने तर्फ आफुहरुको ध्यान केन्द्रित भएको मन्त्री सिंखडाले बताइन् । प्रदेशमा हाल ५ सय ७६ जना बिरामीहरुले डायलायसिस सेवा लिई रहेकोमा ३ सय ३ जना डायलायसिस सेवाको पर्खाइमा रहेकाले उक्त सङ्ख्या शुन्यमा झार्ने आफुहरुको अभियान भएको मन्त्री सिंखडाको भनाई छ ।

मन्त्री सिंखडाले पदभार सम्हालेको एक सय दिन भएको अवसरमा बुधबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा वोल्दै आगामी ६ महिना भित्र प्रदेशमा डायलायसिस सेवा लिन कसैले पालो कुर्न नपर्ने दाबी गरिन् । प्रदेशमा हाल ९ सरकारी र निजी ६ वटा गरी १५ वटा स्वास्थ्य संस्थाबाट डायलासिस सेवा प्रदान गर्दै आएको मन्त्रालयले जनाएको छ । संक्रामक तथा सरुवा रोग अस्पताल, कास्कीमा आवश्यक जनशक्ति, औजार उपकरण र भौतिक पूर्वाधारको व्यबस्थापन गरी २५ शैया क्षमताको डायलायसिस केन्द्र स्थापना गरी संचालन गरिएको मन्त्री सिंखडाले बताइन् । गण्डकी प्रदेशको संक्रामक तथा सरुवा रोग अस्पतालमा हाल १२ वटा डायलायसिस मेसिन जडान गरिएको उनले जनाइन्। उक्त अस्पतालमा डायलायसिस केन्द्र स्थापना गरी संचालनको लागि गण्डकी प्रदेश सरकार मन्त्रिपरिषदको २०८०/४/२४ को बैठकबाट बिषेश चिकित्सक सहित ४८ जना जनशक्तिको अस्थायी दरवन्दी स्वकृत गरेको थियो । प्रदेश अर्न्तगतका सबै अस्पतालको डायलायसिस सेवा सूचारु कार्यक्रमलाई निरन्तरता दिई थप व्यबस्थित बनाइएको मन्त्री सिंखडाले बताइन् ।

दमौली, लमजुङ, स्याङजा र पर्वत अस्पतालमा २/२ थान डायलायसिस मेसिन थप गरी संचालन गरिएको मन्त्रालयले जनाएको छ । स्वास्थ्य क्षेत्रलाई बिषेश प्रथामिकता राखेर नीति तथा कार्यक्रम ल्याई सोही अनुसार कार्यक्रम र बजेटको व्यबस्था गरिएको मन्त्री सिंखडाले दाबी गरिन । आकस्मिक सेवा व्यबस्थापनलाई व्यबस्थित बनाउन १०२ नम्बरको सम्पर्क सहित एमबुलेन्स डिस्पाच सेन्टर को सेवा सुरु गरिएको उनले जनाइन् । प्रदेशमा हाल भएका ३ सय एम्बुलेन्स मध्य १ सय २२ वटामा जिपिएस सिस्टम जडान गरिएको मन्त्रालयका सचिव डा.विनोद विन्दु शर्माले बताए ।

गण्डकी प्रदेशमा हालसम्म आँखा पाक्ने रोगबाट ११ हजार ९ सय २८ जना प्रभावित भएको सचिव डा.शर्माले उल्लेख गरे । आँखामा कालो भाग देखिने गरी प्रदेशमा खासै जटिल समस्या नभएको उनको भनाई थियो । प्रदेशमा करिब ५ सय जना डंगुबाट प्रभावित भए पनि तनहुँमा भने एक जनाको डेंगुका कारण मृत्यु भएको सचिव डा.शमाले बताए । कोरोना बिरुद्धको चौथो चरणको बुष्टरडोज हाल पनि जारी रहेको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अर्को सचिव वद्रीनाथ अधिकारीले पोखरा रंगशाला भित्र भएको व्यतिथीलाई नियन्त्रण गर्न प्रदेश माताहातमा ल्याउनु पर्ने बताए । खेलकुदको विकासको लागि खेलकुद नीति निर्माणको चरणमा रहेको उनले बताए । निकै कम शुल्कमा ल्याप समेत संचालन भएको मन्त्रालयले जनाएको छ । बजेट बनाउन र नयाँ निती नियम बनाउदा तीन महिना समय वितेको उल्लेख गर्दै मन्त्री सिंखडाले जति समेत मन्त्री पदमा रहुन्जेल प्रदेश बासीको हितमा काम गर्ने बताइन् ।

## मानव निर्मीत पर्यटकीय गन्तव्य अन्तर्राष्ट्रिय म्यूजिमको प्रचार प्रसार कम भएको गुनासो

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ साउन




मानव निर्मीत पोखराको पर्यटकीय गन्तव्य अन्तराष्ट्रिय म्यूजिमको उचित मार्केटीङ हुन नसेको गुनासो गरिएको छ ।

पोखरा आएका धेरै पर्यटक उक्त स्थलसम्म नपुगेको बुधबार पोखरामा आयोजित एक कार्यक्रमका सहभागिहरुले गुनासो गर्नु भएको हो । सम्बन्धित निकायले उक्त म्यूजियमको प्रचार प्रसार र पोखराका केही पर्यटन व्यावसायीहरुले समेत ख्याल नगरी अन्य रुटमा पर्यटकलाई घुमघामको व्यबस्था गर्ने तर म्यूजियम सम्म पुग्ने वातावरण मिलाउन नसक्दा केही पर्यटक पोखरा आएर पनि म्यूजियमको अवलोकन विना फर्किने गरेको गुनासो गर्नु भएको हो ।

नेपालपर्वतारोहणसंघगण्डकी प्रदेशको १५ औं बार्षिक साधारण सभा तथा ७ औं अधिवेशनको बुधबार पोखरामा उद्घाटन गर्दै पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले पोखरालाई पर्यटनको राजधानि बनाउने अभियानमा आफुहरु लागेको बताउनु भयो । मेयर आचार्यले भन्नु भयो" हामीले यस अघि देखि नै पोखरालाई पर्यटनको राजधानिको रुपमा घोषणा गर्न माग गर्दा संघिय संरकारले यसलाई खासै चासो नदिएकोले अब गण्डकी प्रदेश सरकार र पोखरा महानगर मिलेर पोखरालाई पर्यटनको राजधानि घोषणा गर्ने अभियानमा जुटेका छौं, यसका निजी क्षेत्रको साथ र सहयोग आवश्यक पर्छ । " पोखरालाई पर्यटनको राजधानि बनाउने कार्यमा आवश्यक पर्ने सम्पूर्ण मापदण्ड पूरा गर्दै जाने पर्यटनको लागि आवश्यक पर्ने भौतिक संरचना निर्माण गर्ने मेयर आचार्यले बताउनु भयो ।

पोखराको विकासको अर्को मेरुदण्ड पोखरा अन्तराष्ट्रिय विमानस्थल भारतसंग सहकार्य गरी दक्षिण हुदै उत्तरको चिनसम्म अन्तराष्ट्रिय हवाई उडान गर्न आवश्यक पहल र सहकार्य गर्न आवश्यक भएको उहाँको भनाई थियो । सन् २०२४ जुन ३ तारिकमा फ्रेन्सका २५ जना मेयर पोखरा आउने तयारी भएको उहाँले बताउनु भयो । फ्रान्सका नागरिक मौरिस हरजकले पहिलो पटक अन्नपूर्ण हिमाल आरोहण गर्नु भएको थियो । संघका केन्द्रीय सचिव धन बहादुर गुरूङले संघको भवन निर्माण गर्दा केही आर्थिक सहयोग गर्ने बताउनु भयो । पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले सगरमाथा हिमाल आरोहणको बढी चर्चा भएको अन्य हिमालको चर्चा र अन्य क्षेत्रले फाईदा लिन नसकेको गुनासो गर्नु भयो । संस्थापक अध्यक्ष हरिध्वज तुलाचनले संसारको उत्कृष्ट शहर पोखरालाई सुन्दर सहित उत्कृष्ट बनाउन मेयर आचार्य समक्ष आग्रह गर्नु भयो । सल्लाहकार टीकाराम सापकोटाले यातायात असहज भएका कारण पोखराको पर्यटन प्रबर्द्धनमा असर परेको दाबी गर्नु भयो । पोखराको पर्यटन चिन र भारत केन्द्रीत हुनु पर्ने बताउदै उहाँले हिमाल पर्यटनमा पर्वतारोहण गाईड कम भएको जनाउनु भयो । उक्त अवसरमा पत्रकार दीपक परिवारलाई संघले नगद १० हजार सहित सम्मान गरेको छ । संघका प्रदेश अध्यक्ष शेसकान्त शर्माको अध्यक्षतामा उद्घाटन सत्र सम्पन्न भएको कार्यबहाक सचिव मनशान्त घिमिरेले बताउनु भयो ।

## पोखराको सङ्क्रामक अस्पतालमा २५ शैयाको डायलासिस केन्द्र

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ साउन

गण्डकी प्रदेश सरकारले मिर्गौलाका बिरामीका लागि डायलासिस सेवालाई सहज बनाउँदै लगेको छ ।


अस्पतालको क्षमता विकासका लागि मेसिन, उपकरण र जनशक्ति थप गरी सेवालाई प्रभावकारी बनाउन लागिएको हो । हाल प्रदेशभित्रका नौ सरकारी र छ निजी गरी १५ अस्पताल तथा स्वास्थ्य संस्थामा यो सेवा सञ्चालनमा छ । मिर्गौला रोगका बिरामीको सङ्ख्या बढ्दै जाँदा डायलासिस सेवा लिने बिरामीको सङ्ख्या बढ्दो छ तर स्वास्थ्य उपकरण सीमित छन् । प्रदेश स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालयका अनुसार हाल प्रदेशका पाँच सय ७६ बिरामीले डायलासिसको सेवा लिइरहेका छन् । त्यसैगरी तीन सय तीन जना सेवाको पर्खाइमा छन् । मन्त्रालयले डायलासिसको सेवाको पर्खाइमा रहेकालाई शून्यमा झार्ने योजना अघि सारेको छ । सामाजिक विकास तथा स्वास्थ्यमन्त्री सुशीला सिंखडाले आज मन्त्रालयमा आयोजना गरिएको एक सय दिनका उपलब्धि सार्वजनिक कार्यक्रममा डायलासिस सेवालाई सहज र छिटोछरितो बनाउने गरी काम अघि बढाएको बताउनुभयो ।

उहाँका अनुसार प्रदेश सरकारको आफ्नै लगानीमा स्थापना भएको पोखराको सङ्क्रामक तथा सरुवा रोग अस्पतालमा डायलासिस सेवाका लागि २५ शय्या क्षमताको डायलासिस केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइएको छ । मन्त्री सिंखडाले भन्नुभयो, "सरकार डायलासिस सेवा लिनका लागि पालो पर्खनुपर्ने अवस्था आउन नदिन र नागरिकले सहज सेवा प्राप्तिको प्राथमिकताका साथ काम गरिरहेको छ । सङ्क्रामक अस्पतालमा आवश्यक जनशक्ति, औजार, उपकरण र पूर्वाधार तयारी गरेका छौं ।" मन्त्रालयका अनुसार डायलासिस केन्द्र सञ्चालन र सेवा प्रदान गर्नका लागि १४ जना स्टाफ नर्सलाई काठमाडौं पठाएर तालिम प्रदान गरी उहाँले सेवा दिन सुरु गरेको जनाएको छ । प्रदेश सरकारको सङ्क्रामक तथा सरुवा रोग अस्पतालका लागि ४८ जनाको अस्थायी दरबन्दी मन्त्रिपरिषद्ले स्वीकृत गरेको छ ।

मन्त्रालयले डायलासिस मेसिन खरिद गरेर पोखरासहित अन्य जिल्ला अस्पतालमा समेत पठाएकाले आगामी तीन महिनाभित्रमा सेवा सहज हुने बताइन्छ । प्रदेशअन्तर्गतका सबै अस्पतालमा सेवा सञ्चालन भएको र दमौली, लमजुङ, स्याङ्जा र पर्वत जिल्ला अस्पतालमा दुई/दुई थान डायलासिस मेसिन थप गरिएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले यस अवधिमा आकस्मिक सेवा व्यवस्थापनलाई व्यवस्थित बनाउन १०२ टोल फ्रि नम्बर सञ्चालन गर्ने गरी 'एम्बुलेन्स डिस्प्याच सेन्टर' सुरु गरिएको, जटिल अवस्थाका गर्भवती र सुत्केरीलाई हेलिकप्टरमार्फत उद्धारलाई मन्त्रालयले निरन्तरता दिइएको जनाएको छ । त्यसैगरी १० वर्ष मुनि र ६० वर्षमाथिका नागरिकलाई प्रदेशअन्तर्गतका सरकारी अस्पतालमा हुने प्रयोगशाला परीक्षणलाई निःशुल्क गरिएको मन्त्रालयका सचिव डा विनोदविन्दु शर्माले जानकारी दिनुभयो ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# सांसद कार्कीद्वारा लम्पिस्किन भाइरस विरुद्ध सार्बजनिक महत्वको प्रस्ताव दर्ता

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ साउन

गण्डकी प्रदेश सभामा कास्की क्षेत्र न २(१) बाट निर्वाचित सांसद भिम बहादुर कार्कीले गण्डकी प्रदेश सभामा बुधबार लम्पिस्किन भाइरस विरुद्ध सार्बजनिक महत्त्वको प्रस्ताव दर्ता गर्नु भएको छ।

प्रस्ताव दर्ता गर्दै कार्कीले गण्डकी प्रदेशमा ठुलो महामारीको रूपमा फैलिएको सो रोग नियन्त्रणमा प्रदेश सरकारको शसक्त कदम आवश्यक भएको भन्दै तत्काल रोकथामका उपाय सहित उपचार र नियन्त्रणका उपाय अगाडी बढाउन आग्रह गर्नु भयो । कार्कीले गण्डकी प्रदेशमा मात्रै ७९४८१ गाई भैसिमा संक्रमण देखिँदा, ३२४७ को मृत्यु भैसकेको र अझै चालीस हजार संक्रमणमै रहेको भन्दै खोपको अपर्याप्तता रहेको तर्फ प्रदेश सरकारको ध्यानाकर्षण गराउनु भएको छ । उहाँले यो रोगको प्रकोपले अर्थतन्त्रमा गम्भीर नकारात्मक असर परेको र किसानहरूलाई तत्काल राहत सहित क्षति न्यूनीकरण तर्फ केन्द्रित हुनुपर्ने उल्लेख गर्नु भयो।

बिमा गरिएका गाइभैसीहरू मृत्यु भैसकेपछि किसानहरूले क्षतिपूर्ति बापतको बिमा रकम भुक्तानीमा समेत केही बिमा कम्पनीहरूले आनाकानी गरिरहेको सूचना आएको भन्दै बिमा भुक्तानीमा तत्काल सरकारको ध्यानाकर्षण गर्दछु कार्कीले उल्लेख गर्नु भएको छ।

# प्रदेश सरकारको लगानीमा तीन अस्पताल भवन बन्दै

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ साउन

गण्डकी प्रदेश सरकारको लगानीमा मनाङ र मुस्ताङमा जिल्ला अस्पताल र पोखरामा सङ्क्रामक तथा सरुवा रोग अस्पतालका भवन निर्माण भइरहेको छ। दुई जिल्ला अस्पताल भवन क्रमागत र सरुवा रोग अस्पताल भवन निर्माण बहुवर्षीय आयोजना हो।

मुस्ताङ जिल्ला अस्पताल भवन रु १२ करोड, मनाङ जिल्ला अस्पताल भवन रु १५ करोड ५५ लाख र सरुवा रोग अस्पताल भवन रु ३२ करोडको लागतमा ठेक्का सम्झौता भएको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयले जनाएको छ । गत आवमा मुस्ताङको अस्पताल भवनका लागि रु पाँच करोड, मनाङको अस्पताल भवनका लागि रु छ करोड र सरुवा रोग अस्पतालका लागि रु आठ करोड बजेट विनियोजन गरिएको थियो । सो बजेटमा मनाङ र मुस्ताङ अस्पताल भवन निर्माणको वित्तीय प्रगति भने न्यून देखिएको थियो । गत आवमा सरुवा रोग अस्पताल भवनको वित्तीय प्रगति ८७ दशमलव ०३ प्रतिशत भएको मन्त्रालयका सचिव डा विनोदविन्दु शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार मनाङ अस्पताल भवको ५८ दशमलव ०६ र मुस्ताङ अस्पताल भवनको ३२ दशमलव ०८ प्रतिशत वित्तीय प्रगति देखिएको छ। पच्चीस शय्याको मुस्ताङ अस्पताल भवन विसं २०७७ चैत २२ मा शिलान्यास गरिएकामा निर्माणले अझै पूर्णता पाउन सकेको थिएन । अरु दुई अस्पताल भवनको निर्माणकार्य पनि सुस्त छ।

लमजुङ, स्याङ्जा र दमौली अस्पताल भवन निर्माणका लागि बजेट अभाव रहेको सचिव डा शर्माले बताउनुभयो । प्रदेश सरकारले चालु आवमा पनि स्वास्थ्यतर्फ कुल बजेटको जम्मा छ प्रतिशतमात्र बजेट विनियोजन गरेको मन्त्रालयले जनाएको छ। न्यून स्रोतसाधन र जनशक्तिबाट मन्त्रालय र मातहतका निकायले कार्यसम्पादन गर्नुपर्ने स्थिति छ। आधारभूत स्वास्थ्य सेवाका लागि औषधि किन्नसमेत बजेट पर्याप्त नभएको उहाँको भनाइ थियो।

क्यान्सर, मुटु, मिर्गौला रोगका लागि विशिष्टिकृत अस्पताल र मातृशिशु, महिला तथा बाल अस्पताल स्थापना गर्ने प्रदेश सरकारको निर्णय पनि जग्गा व्यवस्थापनको जटिलतालगायत कारणले कार्यान्वयन हुनसकेको छैन । प्रदेश स्थापनापछि गठित पहिलो सरकारले प्रदेशको गौरवका आयोजनाका रूपमा ती अस्पताल बनाउने घोषणा गरेको थियो।

# हुर्जामा संस्थापक अध्यक्षको स्मरण

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ साउन




मानवअधिकार पत्रकार संघ हुर्जा गण्डकी समितिले संस्थाका संस्थापक अध्यक्ष कृष्ण अञ्जान ज्ञवालीको स्मृतिमा श्रद्धाञ्जली सभा आयोजना गरेको छ।

साउन १९ गते दिवंगत भएका संस्थापक अध्यक्षको १३ औं दिनको पुण्यतिथि पारेर संघले पोखरामा आफ्नै सचिवालयमा श्रद्धाञ्जली सभा गरी स्मरण गरेको हो। समाजसेवी विश्वमोहन गौचनले साहित्य र पत्रकारिता भनेपछि हुरुक्कै हुने ज्ञवालीको निधनले दुवै क्षेत्रलाई क्षति पुऱ्याएको बताए । उनले लुम्ले कविता गाउँमा आयोजित कार्यक्रमबाट आफूँले ज्ञवालीको बहुआयामिक व्यक्तित्वलाई चिन्न पाएकोसमेत स्मरण गरे।

समीक्षक मदन भण्डारीले राज्यमा बाचेर केही गर्नुपर्नेहरूको असमयमा भएको निधनले आफूलाई मर्माहत तुल्याएको धारणा राखे। समाजसेवी सुमित्रा जिसीले गाउँ समाजमा आँखामा राख्दा पनि नबिझाउने व्यक्तित्वका रूपमा ज्ञवालीको स्मरण गरिन्।

यसकुमारी जिसी स्मृति कोषका संस्थापक सविन जिसीले ज्ञवालीको निधनले आफूले असल अभिभावक गुमाउनु परेको पीडाबोध भएको धारणा व्यक्त गरे । संघका महासचिव सुशील श्रेष्ठले बैंकको जागिर छोडेर पत्रकारितामा समर्पित गरेको ज्ञवालीको सञ्चारकर्मको राज्यबाट उचित सम्मान हुन नसकेकोमा चिन्ता व्यक्त गरे।

हुर्जा गण्डकीका अध्यक्ष असफल गौतमले संस्थाको मुखपत्र मानवअधिकार आवाजको आगामी अंक संस्थापक अध्यक्षको स्मरणमा समर्पणलगायतका गतिविधि गरेर उनको योगदानलाई चिरस्मरणीय बनाउने बताए। कार्यक्रममा अनु बरालले कार्यक्रम सफल पार्न सहयोग गर्ने सम्पूर्णप्रति आभार व्यक्त गरेकी थिइन्।

# सुचिकृत भएका रेफ्रि र प्रशिक्षकहरुको जिवन विमाको तयारी गर्दै परिषद

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ साउन

प्रदेश खेलकुद परिषद गण्डकीले सुचिकृत भएका रेफ्रि र प्रशिक्षकहरुको जिवन विमा गर्ने तयारी सुरु गरेको छ।

सुचिकरणको लागि ३५ दिने सूचना प्रकाशित गरेको परिषदले सूचिकृत भएका सबैको जिवन विमा समेत गर्ने तयारी सुरु गरेको हो । सो बारे जानकारी दिँदै परिषदका सदस्य सचिव श्रीधर शर्माले आर्थिक वर्ष २०८०/०८१ को विनियोजित बजेटबाट सबैको जिवन विमा गरिने जानकारी दिए।

परिषदले गत साउन १ गते एक ३५ दिने सूचना प्रकाशित गरि रेफ्रि, निर्णायक, जज, प्रशिक्षक तथा खेलस्थलहरुको समेत सूचीदर्ताका लागि आह्वान गरे संगै जिल्ला खेलकुद विकास समितिहरुमा सूचिकृत अभियान जारी रहेकै बेला परिषदले सबैको जिवन विमाको तयारी सुरु गरेको जानकारी दिँदै सदस्य सभिव शर्माले भने-"हामीले उहाँहरुलाई सूचिकृत गर्न आह्वान गरेका छौं। तद्अनुरुप जिल्ला-जिल्लामा उहाँहरुले सूचिकरण गर्दै हुनुहुन्छ भने परिषदले जिवन विमाको तयारी समेत सुरु गरेको छ।"

परिषदले सबैको अपनत्व प्रदान गरि प्रदेशको खेलकुद विकास अभियानमा संगै अघि बढाउन जिवन विमा कार्यक्रमले सहयोग पुग्ने सदस्य सचिव शर्माले बताए। "उहाँहरु सूचिकृत हुने मात्रै कुरा होइन। सूचिकृत भए संगै उहाँहरुलाई परिषदले उपलब्ध गराउने सेवा पनि अर्को महत्वपूर्ण पाटो हो", शर्माले भने-"३५ दिन भित्र सूचिकृत भए संगै हामीले उहाँहरुलाई प्रशिक्षण गर्ने कार्यक्रम पनि समावेश गर्दैछौं।" आगामी दिनमा आयोजना हुने खेलकुद प्रतियोगिताहरुमा सूचिकृत भएका प्रशिक्षक, रेफ्रि र निर्णायकहरुले मात्रै सञ्चालन गर्न पाउने विषय कडाईका साथ लागु गर्ने बताउँदै उनीहरुको अभिलेखिकरणको अधिकार प्रदेश खेलकुद परिषद संग मात्रै रहेको सदस्य सचिव शर्माले बताए।

यसै गरी परिषदले बुधबार पश्चिमाञ्चल क्षेत्रिय खेलकुद विकास समितिलाई समेत पत्रचार गर्दै प्रशिक्षण केन्द्रको विवरण र प्रतियोगिताको अनुमती तथा सहमतिका लागि साथै खेल प्रशिक्षकहरुको सूचिकृतका लागि आवश्यक सहयोग गर्न भनेको छ।

# सुन तस्करी प्रकरणमा थप चार जना चिनियाँ नागरिक पक्राउ

**रासस**
काठमाडौं, ३१ साउन

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पक्राउ परेको सुन तस्करी प्रकरणको अभियोगमा केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले बुधबार थप चार जना चिनियाँ नागरिकलाई पक्राउ गरेको छ।

पक्राउपर्ने चिनियाँ नागरिकमा डीङ सेग्फा, वेन तोङ, ली-नेङकाई र टीयान मी रहेका नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक कुवेर कडायतले राससलाई जानकारी दिनुभयो। उहाँका अनुसार पक्राउ परेका चिनियाँ नागरिकलाई अवैध सुन ओसारपसार तथा सङ्गठित अपराधअन्तर्गत मुद्दा चलाइने छ । उनीहरुलाई काठमाडौँका विभिन्न स्थानबाट पक्राउ गरिएको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले जनाएको छ। सुन तस्करी प्रकरणमा पक्राउपर्नेको सङ्ख्या २१ पुगेको केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक कडायतले बताउनुभयो। राजस्व अनुसन्धान विभागले यही साउन ३ गते सुन सहितको एक सय ५५ किलो ब्रेक शु बरामद गरेको थियो । तर यही मङ्गलबार गालेर जोख्दा ६० किलो मात्र सुन भएको पुष्टि भएको थियो।

## भू-क्षय न्यूनीकरणका उपाय अपनाऔं

- वस्तीको माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- जमिन चिरा परेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं।

भू-क्षयबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## गण्डकी प्रादेशिक क्रिकेट संघको सूचना


गण्डकी प्रादेशिक क्रिकेट संघको **दोस्रो अधिवेशन तथा साधारण सभा यही भाद्र ६ गते बुधबार**का दिन पोखरामा सम्पन्न हुन गइरहेको जानकारी गराउँदछौं । साथै कार्यक्रममा सहभागिताका लागि गण्डकी प्रादेशिक क्रिकेट संघका कार्य समितिका पदाधिकारी तथा सदस्यहरु एवम् सदस्यता प्राप्त गरेका प्रदेश अन्तर्गतका जिल्लाहरु तथा प्रतिनिधिलाई यसै सूचना मार्फत सूचित गरिन्छ।

अध्यक्ष
गण्डकी प्रादेशिक क्रिकेट संघ
पोखरा
सम्पर्क नं. ९८५६०२२३७१

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

केवल कर्महीन नै यतो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । – गौतम बुद्ध

## सम्पादकीय

# डेंगु विरुद्ध अभियान चलाऊ

सरकारले समयमै खोज र नष्ट अभियान नचलाउँदा देशभर फैलिएको डेंगुका बिरामी हाल देशभरि ७४ जिल्लामा सङ्क्रमण फैलिँदा १३ हजार दुई सय ९२ जना बिरामी परेका छन् । डेङ्गुको सङ्क्रमणबाट हालसम्म १० जनाको मृत्यु भइसकेको छ। नेपालमा पहिलो पटक २०६१ मा डेंगुका बिरामी भेटिएको थियो । त्यसयता हरेक वर्ष बढ्दो क्रममा रहेको डेंगुले यो वर्ष महामारीकै रुप लिने देखिएको छ। समयमै परिक्षण हुन नसक्दा संक्रमित बढ्दै गएको हो ।

इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा रुद्रप्रसाद मरासिनीले लगातार परिरहेको पानीका कारण तथा सरसफाइमा ध्यान नदिँदा डेङ्गुको सङ्क्रमण बढिरहेको बताउनुभयो । नेपालमा पहिलो पटक सन् २००४ मा डेङ्गुको सङ्क्रमण देखिएको थियो । सन् २०२२ मा ५४ हजार सात सय ८४ जना डेङ्गुबाट सङ्क्रमित भएका थिए भने यसबाट ८८ जनाको मृत्यु भएको थियो । डेङ्गुको सङ्क्रमण सबैभन्दा बढी सुनसरीमा देखिएको छ । महाशाखाका अनुसार सुनसरीमा सात हजार ८९ जना डेङ्गुबाट सङ्क्रमित भएका छन् । यस्तै मोरङ एक हजार पाँच सय ९१, धादिङमा एक हजार दुई सय दुई, झापामा आठ सय ९६, कास्कीमा दुई सय ४७, धनकुटामा दुई सय ३६, काठमाडौंमा एक सय ९६, दार्चुलामा एक सय ९४, सङ्खुवासभामा एक सय ५६ तथा चितवनमा ९० जनामा डेङ्गु सङ्क्रमण पुष्टि भएको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले जनाएको छ ।

डेङ्गुको सङ्क्रमण सबैभन्दा बढी कोशी प्रदेशमा देखिएको छ । कोशीमा १० हजार एक सय ८२ जना यसबाट सङ्क्रमित भएका छन् । यस्तै बागमती प्रदेशमा एक हजार सात सय ९३, गण्डकीमा पाँच सय १०, सुदूरपश्चिममा चार सय १७, लुम्बिनीमा दुई सय ६३, मधेसमा ९२ र कर्णाली प्रदेशमा ३६ जनामा डेङ्गुको सङ्क्रमण देखिएको महाखाले जनाएको छ । डेंगु पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुलबाट लार्भा निस्कन्छ र त्यही लार्भा वयस्क भएर टोकेपछि डेंगु रोग लाग्दछ । महाशाखाले डेङ्गी सङ्क्रमण असारदेखि बढ्दै गई भदौ र असोज महिनामा उच्च हुने प्रक्षेपण गरेको छ ।

नेपालमा प्रभावकारी प्रविधि नभित्रिएका कारण पनि डेंगु नियन्त्रणमा समस्या आएको चिकित्सकको बुझाइ छ । 'जबसम्म लामखुट्टे नियन्त्रण गर्न सक्दैनौं, तबसम्म उपचारमा जोड दिँदैमा डेंगु नियन्त्रणमा आउँदन । 'डेंगु नियन्त्रणमा मानिसको व्यवहार परिवर्तन हुन आवश्यक छ ।' अहिले मनसुन सँगसँगै डेंगु तीव्र गतिमा फैलिरहेको छ । बढी पानी संकलन भएका ठाउँमा लामखुट्टेको लागि उपयुक्त वातावरण भएकाले पनि डेंगु बढी, छिटो र तीव्र गतिमा फैलिने विज्ञहरु बताउँछन् । लामखुट्टेले फुल पार्न सक्ने घरभित्रका सम्भावित ठाउँ, वरपरका पानी जमेको ठाउँहरू र पानी राख्ने भाँडाहरू खोजी-खोजी सफा गर्नुपर्छ । त्यस्तै लामखुट्टेको फुल पनि नष्ट गर्नुपर्दछ ।

'पानी राख्ने भाँडाहरु जस्तै ट्यांकी, ड्रम, बाटा, बाल्टिन आदिलाई लामखुट्टे नछिर्नेगरी राम्ररी छोपेर राख्ने साथै पानी जम्नसक्ने ठाउँमा पानी जम्न नदिन नियमित सफा गरियो भने डेंगुको प्रकोपलाई रोक्न सकिन्छ। 'अहिले एडिस लामखुट्टे घर-घरमा छिरेको छ । त्यसकारण लामखुट्टेले फुल पार्नसक्ने सम्भावित घर, विद्यालय र वरपरका पानी जम्ने सबै ठाउँहरू र पानी राख्ने भाँडाहरु खोजी-खोजी सफा गर्नुपर्छ । जनताको स्वास्थ्य भन्दा ठूलो अरु काम हुन सक्दैन । सस्तो प्रचारबाजी गर्ने जनताको स्वास्थ्य कम चासो दिने तीन तहका सरकारलाई बिउँझाउनु पर्नेछ बेला भएको छ । अस्पतालमा समेत प्रभावकारी उपचार नहुँदा बिरामीले कमजोर महशुस गरेका छन । बिरामीको आत्मबल बढाउने र उपचारका साथै प्रभावकारी रोकथामका लागि सरकारको कदमको बेलैमा सक्रियता जरुरी छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : आर्थिक समस्या |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : मन चञ्चल | धनु | : शारीरिक झमेला |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# विद्युत प्राधिकरणको वार्षिकोत्सवमा रक्तदान

पोखरापत्र संवाददाता
पोखरा, ३१ साउन

नेपाल विद्युत प्राधिकरणको ३८ औं बार्षिकोत्सवको उपलक्ष्यमा नेपाल विद्युत प्राधिकरण कर्मचारी युनियन गण्डकी प्रदेश र पोखरा वितरण केन्द्र, मालेपाटन पोखराको संयुक्त पहलमा बुधबार रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

उक्त रक्तदान कार्यक्रममा ८१ युनिट रगत संकलन गरिएको पोखरा वितरण केन्द्रका प्रमुख राजिव कुमार सिहंले जानकारी दिनुभयो । विद्युतीय क्षेत्रमा मात्रै नभई अन्य जस्तोसुकै दुर्घटना हुदा पनि रगतको अभाव नहोस् भन्नका निम्ति यो कार्यक्रमको आयोजना गरिएकोमा निकै फलदायी भएको उहाँको भनाई थियो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि नेपाल विद्युत प्राधिकरण गण्डकी प्रादेशिक कार्यालयका प्रादेशिक प्रमुख जगदिश चन्द्र जोशीले 'रक्तदान, जिवनदान' भन्ने मुलमन्त्रलाई आत्मसाथ गर्दै सामाजिक उत्तरदायित्वभित्र रहेर यस्ता कार्यक्रम संचालन गर्दै आएको बताउनुभयो । सो कार्यक्रममा नेपाल कर्मचारी युनियन गण्डकी प्रदेश इन्चार्ज नारायण पन्थी, नेपाल विद्युत प्राधिकरण कर्मचारी संघ गण्डकी प्रादेश इन्चार्ज देशबन्दु श्रेष्ठ, राष्ट्रिय कर्मचारी युनियन गण्डकी इन्चार्ज राजेन्द्र हमाल लगायतले रक्तदानको महत्व बिषय आ-आफ्नो भनाई राख्नुभएको थियो । नेपाल रेडक्रस सोसाइटीले सहकार्य गरेको यस रक्तदान कार्यक्रममा ८० जना कर्मचारी र १ जना सेवाग्राही सुन्तली तामाङले रगत दान गर्नुभएको थियो । कार्यक्रममा लेखनाथ वितरण केन्द्रका प्रमुख अनिलजी, पोखरा ग्रिड महाशाखा प्रमुख अनिल बन्जारे, नेपाल विद्युत प्राधिकरण गण्डकी प्रादेशमा रहेका नेपाल विद्युत प्राधिकरण कर्मचारी संघ, नेपाल कर्मचारी युनियन, गण्डकी प्रादेशभित्र रहेका उत्पादन, प्रशारण र वितरण केन्द्रका कर्मचारी एवं सम्पूर्ण कर्मचारी गरी करिब २ सय जनाको सहभागिता रहेको थियो ।

# बाढीग्रस्त कागबेनी तीन दिनदेखि अन्धकारमा

रासस
मुस्ताङ, ३१ साउन

मुस्ताङको बाढीग्रस्त क्षेत्र बारागुङ मुक्तिक्षेत्र गाउँपालिका-४ कागबेनीमा तीन दिनदेखि विद्युत् अवरुद्ध भएको छ । विद्युत् अवरुद्ध हुँदा स्थानीय अन्धकारमा रात बिताउन बाध्य भएका छन् ।

आइतबार राति आएको बाढीले खोला किनारमा रहेका दर्जन बढी पोल बगाउँदा विद्युत् अवरुद्ध भएको हो । बाढीले विद्युत्का पोलसँगै तार पनि बगाएकाले विद्युत् सञ्चालनका लागि पोल र तार मर्मतको काम भइरहेको प्रमुख जिल्ला अधिकारी अनुप केसीले जानकारी दिनुभयो । बाढीले पोल र तारमा क्षति पुऱ्याएकाले मर्मतका लागि अझै केही दिन लाग्ने उहाँले बताउनुभयो । उहाँका अनुसार यस क्षेत्रमा विद्युत् वितरणको काम निलगिरी उपभोक्त सहकारीले गर्दै आएको छ । अहिले विद्युत् पूर्ण रूपमा अवरुद्ध छ । सञ्चालनका लागि सहकारीले कामदार खटाएर मर्मतको काम गरिरहेको छ", प्रजिअ केसीले भन्नुभयो, "उपभोक्त सहकारीलाई भोलीका दिनमा कुनै दुर्घटना नहुने गरी प्रभावकारी रूपमा काम गर्न निर्देशन दिएका छौं । उहाँहरूले अस्तीदेखि नै पोल र तार मर्मतको काम गरिरहनुभएको हो ।" विद्युत् अवरुद्ध हुँदा कागबेनीका सयौं नागरिक अन्धकारमा बस्न बाध्य भएको धावा दोर्जे गुरुङले बताउनुभयो । "अहिले बाढीपीडित कोही आफन्तकोमा आश्रय लिएर त कोही सुरक्षित स्थानमा अस्थायी गाँठ बनाएर बसेका छन्", उहाँले भन्नुभयो, "विद्युत् फोन सम्पर्क गर्न पनि समस्या भइरहेको छ ।"

यसै गरी बाढीले खानेपानीका पाइपलाइन तथा धारा बगाउँदा अवरुद्ध बनेको खानेपानी आजदेखि सञ्चालनमा आउने गरी काम सम्पन्न भएको प्रमुख जिल्ला अधिकारी केसीले जानकारी दिनुभयो । मङ्गलबारदेखि पारिको गाउँमा खानेपानी सञ्चालनमा ल्याइएको जानकारी दिँदै उहाँले आज साँझसम्म सबै ठाउँमा खानेपानी सञ्चालनमा आउने बताउनुभयो ।

प्रजिअ केसीका अनुसार अहिले स्थानीयले मूल र नजिकैको खोलाबाट पानी भरेर उपभोग गर्दै आएका छन् । बाढीले कागबेनीका २९ घर बगाएको छ भने १३ घरमा आंशिक क्षति भएको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार बाढीले चारपाङ्ग्रे सवारी दुई, मोटरसाइकल ३०, पशुचौपाया २५, एउटा पक्की मोटरेबल पुल, तीन काठेपुल, प्रभु बैंकको घर बगाएको थियो भने जनशान्ति माध्यमिक विद्यालयमा आंक्षिक क्षति पुऱ्याएको छ ।

# विद्यालय पहिरोमा पुरियो, पठनपाठनमा समस्या

रासस
पर्वत, ३१ साउन

लगातारको वर्षाका कारण पहिरोले पर्वतमा विद्यालय पुरिएपछि पठनपाठनमा समस्या भएको छ । फलेवास नगरपालिका-२ थापाठानास्थित थापाठाना माध्यमिक विद्यालयको दुईवटा भवन पहिरोले पुरिएका हुन् ।

विद्यालय रहेको स्थानभन्दा करिब ५० मिटरमाथि रहेको सडकबाट खसेको पहिरोले भवन पुरिएका हुन् । तीन कोठा पुरिए पनि आठवटा कोठामा जोखिमपूर्ण रूपमा पठनपाठन गराउने गरिएको विद्यालयका प्रधानाध्यापक विष्णुप्रसाद शर्माले जानकारी दिनुभयो ।

पहिलो पटक गत असार १६ गते पहिरोले भवनमा क्षति गरेको थियो । सोही स्थानमा यही साउन २२ गतेपछि गएको पहिरोले थप क्षति गरेको छ । पहिरोले विद्यालयको आँगनसमेत पुर्दिँदै गएको छ । "आठ कोठामा विद्यार्थी राख्न सकिने अवस्था छैन", उहाँले भन्नुभयो । जोखिमकैबीच आधारभूत तहदेखि कक्षा आठसम्मको पठनपाठन भइरहेको छ ।

हाल विद्यालयमा दुई सय ४० विद्यार्थी अध्ययनरत छन् । विद्यालयका आठवटा कक्षामा अध्ययनरत विद्यार्थीहरूलाई अस्थायी रूपमा एकै ठाउँमा राखेर अध्यापन गरिँदा उनीहरूको सिकाइ उपलब्धिमा असर पर्न थालेको छ ।


## बुटिक बिक्रीमा

**सृजनाचोकमा अत्यन्त चालु अवस्थामा रहेको बुटिक पसल विशेष कारणवस तु: बिक्रीमा छ ।**

**सम्पर्क:** ९८१५१५६३०३


# विद्यार्थीको मन जित्दै 'दुई नाटक', 'बुकिङ शो' मार्फत मञ्चन जारी

पोखरापत्र संवाददाता
पोखरा, ३१ साउन



पोखरामा 'दुई नाटक' मञ्चन जारी रहेको छ । कक्षा ८ को नेपाली विषयमा समावेश 'अमरपुत्र' कथा र कक्षा १० को अनिवार्य नेपाली विषयमा समावेश 'घरको माया' एकांकीलाई नाट्य रुपान्तरण गरेर यो नाटक तयार भएको हो । हालसम्म 'बुकिङ शो' मार्फत १५ पटक मञ्चन भएको यो नाटक 'पब्लिक शो' मार्फत समेत गन्धर्व नाटकघरमा देखाइसकिएको छ ।

यसैक्रममा बुधबार गुरुकुल विद्या सदनमा अध्यनरत १ सय २० जना विद्यार्थीले नाटक हेरे । उनीहरुले थिएटरमा पुगेर नाटक मात्र हेरेनन् थिएटरमा प्रयोग हुने विभिन्न प्राविधिक पक्षको बारेमा समेत जान्न पाए । स्टेज, लाइट लगायतका थिएटरमा प्रयोग हुने विविध पक्षको बारेमा प्रयोगात्मक शैलीमा जानकारी दिइयो । जसका कारण विद्यार्थी थप उत्साहित बने ।

नाटक हेरिसकेपछि सोही बिद्यालयका शिक्षक अशोक सोतीले पाठ्यपुस्तकमा पढेको कथा र एकांकीलाई नाटक मार्फत थिएटरमा हेरपछि विद्यार्थीको ज्ञानको दायरा बढेको आफुलाई महशुस भएको बताए । कलाकारले गरेको मेहनतको उनले खुलेर तारिफ गरें । नाटकप्रति विद्यार्थीको रुचि बढ्नु सुखद पक्ष भएको भन्दै नयाँ पुस्तालाई थिएटर प्रति आकर्षित गर्नको लागि थिएटरले गरिरहेका गतिविधिको प्रशंसा समेत गरें । गुरुकुल विद्या सदन सँगै ज्योतिकुञ्ज मावि, फेवा पब्लिक स्कुल, डाइमण्ड मावि, ज्ञान सरोवर, तारापुञ्ज शिक्षा एकेडेमी, वेलनन एकेडेमी, ताराकुञ्ज शिक्षा एकेडेमी, कुम्दिनी होम्स, रेन्बो एकेडेमी होम्स, गण्डकी बोडिङ स्कुल, पश्चिमाञ्चल मावि, एसओएस हर्मन माइनर, प्रतिभा मावि, शुक्रराज बलभद्र मावि, बालप्रभात, अक्सफोर्ड एकेडेमी, लिटल ड्याफोडिल र द ड्रिम्स स्कुलका विद्यार्थीले नाटक हेरिसकेको पोखरा थिएटरले जनाएको छ । नाटकमा कुसुम आचार्य शर्मा, कृष्टिना अर्याल, अमृत परियार, रोहित पौडेल, धनकाजी श्रेष्ठ, मिलन श्रेष्ठ, जनक पराजुली र रोशनी रामदामको अभिनय हेर्न पाइनेछ ।

भीमनिधि तिवारीले लेखेको कथा र एकांकीलाई परिवर्तनको परिकल्पना र निर्देशनमा मञ्चन गरिएको हो । निर्देशक परिवर्तनले पछिल्लो समयमा विद्यार्थीको आर्कषण नाट्य क्षेत्रमा बढ्न थालेकोले उनीहरुलाई लक्षित गरेर नाटक मञ्चन भैरहेको बताए । यो नाटकले विद्यार्थीलाई उनीहरुको स्थानिय संस्कृतिसँग जोड्ने मात्र नभएर समाज र इतिहासमा कलाको प्रभावबारे सिकाउने उनको भनाइ छ । 'यो नाटकले विद्यार्थीको लागि व्यवहारिक दृष्टिकोण प्रदान गर्नेछ, उनीहरुमा विषयवस्तु तथा सन्देशहरुको विश्लेषण र व्याख्या गर्ने क्षमता बढाउनेछ' पोखरा थिएटरका अध्यक्ष समेत रहेका निर्देशक परिवर्तनले भने । झण्डै एक घण्टा अवधिको यो नाटक 'बुकिङ शो' मार्फत भाद्र २२ गतेसम्म र दर्शकको माग आएमा 'पब्लिक शो' मार्फत समेत मञ्चन गरिने पोखरा थिएटरले जनाएको छ ।

नाटकलाई सुन्दर बनाउन रमेश बाबु तिमल्सिनाले प्रकाश परिकल्पना, रञ्जु दाहालले ध्वनि परिचालन, सुसन पौडेलले प्रकाश परिचालन, दिप्सना विश्वकर्माले कस्टुम म्यानेजर, सोनिया कार्की खत्रीले आर्टिष्ट म्यानेजरको रुपमा सघाएका छन् । यसैगरी पोष्टर तथा स्केचमा अमृत परियार र मनोज तामाङ, डिजाइनमा दयाराज ढुंगाना, मञ्च व्यवस्थापकमा रोशनी रामदाम, बजार व्यवस्थापकमा प्रकाश पराजुली, मञ्च निर्माणमा धनकाजी श्रेष्ठ, रोहित पौडेल, अमृत परियार र मिलन श्रेष्ठ तथा बक्स अफिसमा रहेर शुभेक्छा शर्माले साथ दिएका छन् ।


## तपशिल बमोजिमका ऋणी सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे ७ दिने सूचना

**(प्रकाशित मिति : २०८०/०४/३२)**

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवं हर्जाना व्याज समय भित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक, लिखित तथा पत्रिका मार्फत ३५(पैतिस) दिने र १५(पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरी जानकारी गराउदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनुहोला । अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको श्रीसम्पत्ति सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण नीति बमोजिम ३५ दिने लिलाम बिक्रीको सूचना प्रकाशित गरी लिलाम बिक्रि गरी संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**तपशिल :**

| क्र.सं | ऋणी तथा धनजमानतको नाम थर | धितोको बिबरण |
|---|---|---|
| १ | ▪ जंग बहादुर सार्कीको बुहारी लाल बहादुर सार्कीको श्रीमती तनहुँ जिल्ला व्यास न.पा वडा नं.१०बस्ने<br>**ऋणी : विकला सार्की**<br>▪ महाविरे सार्कीको नाती जंग बहादुर सार्कीको छोरा तनहुँ जिल्ला व्यास न.पा वडा नं.१० बस्ने<br>**धनजमानत : लाल बहादुर सार्की** | **विकला सार्की**को नाममा मालपोतकार्यालयतनहुँमादर्ताश्रेस्ताकायम रहेको फराकचौर गा.वि.स.वडा नं.८/क कित्ता नं.५६४ को क्षेत्रफल ०-१३-०-० (रोपनी) को जग्गा |
| २ | ▪ बलभद्र उपाध्यायको नाती नन्दलाल उपाध्यायको छोरा पर्वत जिल्ला पाङ गा.वि.स. वडा नं. ०६ बस्ने<br>**ऋणी : रामप्रसाद उपाध्याय**<br>▪ नन्दलाल उपाध्यायको बुहारी रामप्रसाद उपाध्यायको श्रीमती पर्वत जिल्ला पाङ गा.वि.स. वडा नं. ०६ बस्ने<br>**धनजमानत : सावित्रा कुमारी शर्मा** | **रामप्रसाद उपाध्याय**को नाममा मालपोत कार्यालय कास्की पोखरामा दर्ता श्रेस्ता कायम रहेको ग्यारजाती गा.वि.स. वडा नं. ७ सीट नं.०९३०८३९ कित्ता नं. २१०८ को क्षेत्रफल ०-५-०-३ (रोपनी) को जग्गा । |

**नोट : यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्धारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ । अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ ।**

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Pokhara Royal Saving & Credit Co-operative Society Limited
Head Office: Pokhara-10, Buddhachowk, Kaski, Nepal | ☎: 061-588833, 587833, 570833, 570933
E-mail: info@royalcooperative.com Website: www.royalcooperative.com
Service Center: •Dulegaunda, Tanahun ☎ 065-4114490 •Bhandradhik, Kaski ☎ 061-561775 •Mohoriya, Kaski ☎ 061-560903

## तपशिल बमोजिमका ऋणी सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे १५ दिने सूचना

(प्रकाशित मिति २०८०/०४/३२)

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवम् हर्जाना व्याज समय भित्र नतिरी, नबुझाई यस संस्थासंग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक, लिखित तथा मिति २०८०/०१/११ मा पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा ३५(पैतिस) दिने सार्वजनिक सूचना जानकारी गराउदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनुहोला। अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको श्रीसम्पत्ति सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण नीति बमोजिम ३५ दिने लिलाम बिक्रीको सूचना प्रकाशित गरी लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**तपशिल :**

| क्र.सं | ऋणी तथा धनजमानतको नाम थर | धितोको बिबरण |
|---|---|---|
| १ | ▶ हिरा बहादुर सुनारको बुहारी इमान सिंह विश्वकर्माको छोरी रुद्र बहादुर सुनारको श्रीमती तनहुँ जिल्ला शुक्लागण्डकी न.पा वडा नं. ०५ बस्ने<br>**ऋणी : कल्पना सुनार**<br>▶ विश्वराम विश्वकर्माको नाती नन्दलाल विश्वकर्मा छोरा तनहुँ जिल्ला शुक्लागण्डकी न.पा वडा नं. ०७ बस्ने<br>धनजमानत : इमान सिंह विश्वकर्मा | **कल्पना सुनार**को नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेस्ता कायम रहेको उदेनढुङ्गा गा.वि.स.वडा नं.४/ग कित्ता नं.१२७३,१२७५को क्षेत्रफल ०-३-०-०,०-२-०-१, ढोरफिर्दी गा.वि.स वडा न.१/घ कित्ता नं.४८९,४९१ को क्षेत्रफल ०-३-३-३,०-०-२-० को जग्गा |

**नोट : यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्धारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ। अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ।**

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Pokhara Royal Saving & Credit Co-operative Society Limited
Head Office: Pokhara-10, Buddhachowk, Kaski, Nepal | ☎: 061-588833, 587833, 570833, 570933
E-mail: info@royalcooperative.com Website: www.royalcooperative.com
Service Center: •Dulegaunda, Tanahun 065-4114490 •Bhandradhik, Kaski 061-561775 •Mohoriya, Kaski 061-560903

## बेनी-जोमसोम सडकको म्याग्दी खण्ड राति बन्द

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३१ साउन

मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी-जोमसोम सडकको म्याग्दी खण्ड रातको समयमा यातायातका साधन सञ्चालन गर्न बन्द गरिएको छ।

कालीगण्डकी करिडोर (बेनी-जोमसोम-कोरला)अन्तर्गत म्याग्दीको रघुगङ्गा गाउँपालिका-३ गलेश्वरदेखि अन्नपूर्ण गाउँपालिका-३ काभ्रेमा पहिरोको जोखिम भएकाले रातिको समयमा यातायात सञ्चालन गर्न बन्द गरिएको हो।

जिल्ला प्रशासन कार्यालय म्याग्दीले बुधबार सूचना जारी गरेर सडकमा ढुङ्गा, पहिरो खस्ने र नदी किनारमा धाँजा फाटेर जोखिम हुने भएकाले वर्षायामभर रातको समयमा गलेश्वर-दाना खण्डमा यातायात सञ्चालन नगर्न अनुरोध गरेको छ।

प्रमुख जिल्ला अधिकारी तुलसीराम पौडेलले पहिरो र कटानका कारण दुर्घटनाको जोखिम देखिएकाले रातको समयमा यातायात बन्द गरिएको बताउनुभयो। स्तरोन्नतिका क्रममा रहेको बेनी-जोमसोम सडकको म्याग्दी खण्डमा १० वटा पहिरा छन्। साउन २० गतेदेखि अवरुद्ध भएको बेनी-जोमसोम सडकको म्याग्दी खण्डमा आज दिउँसोदेखि सिधा यातायात सञ्चालन हुन थालेको छ। रघुगङ्गा गाउँपालिका-२ र ३ को सिमानामा पर्ने बैसरी अधेरीखोला क्षेत्रमा सडक माथिबाट पहिरो चलेपछि सिधा यातायात अवरुद्ध बनेको थियो।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



**जन्म:**
**१९९४ कार्तिक २६ गते**

**स्वर्गारोहण:**
**२०८० श्रावण २२ गते**

### स्व. गुप्त कुमारी तभ्र्या

**हाम्रा आदरणीय मित्र श्री रमा भगवती सिं गुठी पोखराका सदस्य रानीपौवा पोखरा -११ निवासी स्व. गोबिन्द लाल तभ्र्याका धर्मपत्नी, सरस्वती प्रधान, देबी श्रेष्ठ, विन्ध्यश्वरी लामा, गंगादेबी श्रेष्ठ, जमुना श्रेष्ठ, यमुना श्रेष्ठ, सन्जु गुरुङ, रेजीना श्रेष्ठ र पुनम कर्मचार्यका ममतामयी माता गुप्त कुमारी तभ्र्याको ८७ वर्षको उमेरमा स्वर्गारोहण हुनुभएकोमा हामी श्री रमा भगवती सिं गुठी परिवार अति मर्माहत भएकाछौं यस दुःखद घडीको आज एघारौं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति र स्वर्गवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।**

**शुभाष कुमार तभ्र्या**
**कार्यबाहक नायो: (अध्यक्ष)**
**श्री रमा भगवती सिं गुठी परिवार**
**पोखरा**

## तपशिल बमोजिमका ऋणी सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०४/३२)

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवं हर्जाना व्याज समय भित्र नतिरी, नबुझाई यस संस्थासंग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक, लिखित तथा पत्रिका मार्फत सूचना जानकारी गराउदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिन भित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनु होला। अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको श्रीसम्पत्ति सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण नीति बमोजिम ३५ दिने लिलाम विक्रीको सूचना प्रकाशित गरी लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**तपशिल :**

| क्र.सं | ऋणी तथा धनजमानतको नाम थर | धितोको बिबरण |
|---|---|---|
| १ | ● आशाराम विश्वकर्माको बुहारी दिपक विश्वकर्माको श्रीमती तनहुँ जिल्ला शुक्लागण्डकी न.पा वडा नं. ०७ बस्ने<br>**ऋणी : सरिता विश्वकर्मा**<br>● टिका राम विश्वकर्माको नाती आशा राम विश्वकर्माको छोरा तनहुँ जिल्ला शुक्लागण्डकी न.पा वडा नं. ०७ बस्ने<br>**धनजमानत : दिपक विश्वकर्मा** | **सरिता विश्वकर्मा**को नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेस्ता कायम रहेको छाङ गा.वि.स.वडा नं.५/ख कि. नं. १७५९ को क्षेत्रफल ०-४-०-० को जग्गा। |
| २ | ● धर्मनिधी शिल्वालको नाती लेखनाथ शिल्वालको छोरा कास्की जिल्ला देउराली गा.बि.स. वडा नं. ५ बस्ने<br>**ऋणी : मित्र प्रसाद शिल्वाल**<br>● लेखनाथ शिल्वालको नाती मित्र प्रसाद शिल्वालको छोरा कास्की जिल्ला रुपा गा.पा. वडा नं. ५ बस्ने<br>**धनजमानत : समिर शिल्वाल**<br>● काले कामीको नाती राम बहादुर कामीको छोरा तनहुँ जिल्ला ब्यास न.पा. वडा नं. ९ बस्ने<br>**धनजमानत : पदम बहादुर कामी**<br>● मेजर शाह रौनियार को नाति नारायण प्र. रौनियारको छोरा बारा जिल्ला भ.जितपुर न.पा. वडा नं. ३ घर भै हाल पोखरा म.न.पा. वडा नं. १४ बस्ने<br>**धन जमानत : मुना रौनियार** | मित्र प्रसाद शिल्वाल को नाममा मालपोत कार्यालय कास्कीका दर्ता श्रेष्ता कायम रहेको देउराली गा.वि.स. वडा नं. ५ सिट नं. ०९४११७३ को कि.न.९४९ को क्षेत्रफल १-३-०-० (रोपनी) र देउराली गा.वि.स. वडा नं. ४ सिट नं. ०९४११७३ को कि.न.३८१ को क्षेत्रफल ६-४-२-२ (रोपनी) को जग्गा। |

**नोट : यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्धारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ। अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ।**

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Pokhara Royal Saving & Credit Co-operative Society Limited
Head Office: Pokhara-10, Buddhachowk, Kaski, Nepal | ☎: 061-588833, 587833, 570833, 570933
E-mail: info@royalcooperative.com Website: www.royalcooperative.com
Service Center: •Dulegaunda, Tanahun 065-4114490 •Bhandradhik, Kaski 061-561775 •Mohoriya, Kaski 061-560903

**नेपाल सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**पशु सेवा विभाग**
**राष्ट्रिय पशु प्रजनन कार्यालय,**
**पोखरा कास्की**

## तरल नाइट्रोजन अपरेटर सेवा कार्यको लागि प्रस्ताव आव्हान

**IFB No. NLBO/NCB/C/80–81/02**

**प्रथम पटक प्रकाशित मिति (२०८०/०४/३२ गते)**

यस कार्यालयको आ.बु. २०८०।८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तरल नाइट्रोजन प्लाण्ट सञ्चालनको लागि प्लाण्ट अपरेटर सेवा करारको लागि आधिकारिक रुपमा ईजाजत प्राप्त ईच्छुक फर्म, कम्पनी वा संस्थाहरुबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र आव्हान गरिएको छ।

१. मिति २०८०।०५।२९ गते सम्म कार्यालय समय भित्र कम्पनी वा फर्म नविकरण भएको इजाजत प्रमाणपत्र, आयकर दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा आ.व. २०७८।७९ वा आ.व. २०७९।८० को कर चुक्ता गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी कार्यालय समय भित्र मर्मत गरिने शर्तहरु सहितको तपसिल बमोजिम बोलपत्र फारम रु. ३०००।- दस्तुर तिरेको बैंक भौचर (फिर्ता नहुने) लिई यस कार्यालयबाट खरिद गर्न सकिने छ।
**कार्यालय कोडः** ३१२०२३९०२, **राजश्व शीर्षक नं.** १४२२९
**राजश्व खाता नं.** १०००२०००१००००, **बैकः राष्ट्रिय वाणिज्य बैक लि., पृथ्वीचोक शाखा**
२. खरिद गरिएको बोलपत्र फारम मिति २०८०।०५।३१ गते दिनको दिउँसो १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ।
३. दर्ता भएका बोलपत्रपत्रहरु मिति २०८०।०५।३१ गते दिनको २:०० बजे बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा राष्ट्रिय पशु प्रजनन् कार्यालय पोखरा कास्कीमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भएमा पनि बोलपत्र खोल्ने कार्य रोकिने छैन। बोलपत्र खरिद तथा दाखिला दिन सार्वजनिक विदा परेमा सो काम क्रमशः सोको भोलिपल्ट कार्यालय खुलेको दिनमा गरिनेछ।
४. बोलपत्रपत्र साथ तपसिलमा उल्लेख भए बमोजिमको यस कार्यालयको कोड नं. उल्लेख गरी धरौटी रकम को. ले. नि. का. कास्कीको धरौटी खाता नं. ३०२०१००१०२०३०००० मा नगद जम्मा गरेको भौंचर वा मान्यता प्राप्त बैंक वा वित्तीय संस्थाबाट जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम दिनबाट कम्तिमा ९० दिन अबधि रहेको बिडबण्ड संलग्न हुनुपर्नेछ।
५. उपलब्ध गराउने सेवा TOR (सन्दर्भ सर्तहरू) अनुसारको हुनु पर्नेछ।
६. सिलबन्दी बोलपत्र फाराम भर्दा दररेट अंक र अक्षरमा स्पष्ट रुपमा लेख्नुपर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईने छ। बोलपत्रदाताको नाम, फर्मको नाम, दस्तखत, मिति तथा छाप स्पष्ट हुनु पर्नेछ। रीत नपुगी आएका, म्याद नाघी आएको र कुनै शर्त राखिएको बोलपत्र स्वीकार गरिने छैन।
७. नेपाल सरकारको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिकरुपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई हुनेछ।
८. यस बाहेक अन्य कुराको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

| ठेक्का नं. | बिवरण | इकाई | परिमाण | लागत अनुमान मु.अ.कर वाहेक | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| NLBO/NCB/C/2080 -81/02 | तरल नाइट्रोजन प्लाण्ट सञ्चालन सेवा करार | जना | ३ | २२,१९,४६०।०० | ६३,०००।०० | |

**NLBO Chief**